# CLASS 9 NEPALI

# पाठ-6

# पर्यावरण सन्तुलन

Download

PDF

## ALL EXERCISE SOLUTION IN ONE VIDEO WITH BYAKRAN

पाठ ६

## पर्यावरण सन्तुलन



(नौ कक्षाका विद्यार्थी शिक्षकसँग उद्यानको मनोरम वातावरणमा बसेर पर्यावरणीय सन्तुलनबारे कुराकानी गर्दै छन् ।)

शिक्षक : तिमीहरूलाई थाहा छ ? हाम्रो वरिपरि हावा, पानी, माटो, बोटबिरुवा, जीवजन्तु, सूर्यको प्रकाश जस्ता प्राकृतिक वस्तु छन् । यिनै वस्तु मिलेर बनेको हाम्रो वरिपरिको आवरणलाई नै पर्यावरण भनिन्छ ।

दीक्षा : पर्यावरण र पारिस्थितिक प्रणाली उस्तै हुन् र गुरु ?

शिक्षक : स्याबास ! जिज्ञासा राखेकामा । पारिस्थितिक प्रणाली पर्यावरणसँग सम्बन्धित कुरा अवश्य हो तर एउटै कुरा चाहिँ होइन । पर्यावरण भनेको हाम्रो जीवनलाई प्रभावित गर्ने भौतिक र जैविक परिवेश हो ।

सुवर्ण : त्यसो भए पारिस्थितिक प्रणाली भनेको के हो नि गुरु ?

शिक्षक : हाम्रो पर्यावरणका विभिन्न तत्वका बिचको अन्तरसम्बन्ध नै पारिस्थितिक प्रणाली हो ।

सुवर्ण : बल्ल प्रस्ट भयौ गुरु । पहिले त मलाई पनि यी दुई कुरा एउटै हुन् जस्तो पो लागेको थियो ।

दीक्षा : पर्यावरणका विभिन्न तत्वको एकआपसको सम्बन्धबाट नै हाम्रो जीवनको अस्तित्व सम्भव हुँदो रहेछ, होइन गुरु ?

*शब्दार्थ*

*आवरण* - *बाहिरबाट ढाक्ने, छोप्ने प्रक्रिया, वरिपरि घेरिएको*